# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।२१ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

--------------------------------------------------

नेपाल विद्युत प्राधिकरण, कञ्चनपुर वितरण केन्द्र अन्तर्गत फ्युज सेवा कार्यालय गड्डाचौकीका ज्यालादारी कर्मचारी हर्कबहादुर चन्दले नियमानुसार राजश्व तिरी विजुलीको पोल अन्यत्र सारी दिनु भनी दिएको निवेदनमा आलटाल गरी विभिन्न बाहाना बनाइ सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरबाट खटिइ गएको टोलीले निजलाई रु.५,०००/- (पाँच हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.५,०००/- (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी